JOL

ISSN: 2961-1989

Academia Research Journal (ARJ)

A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL

Volume: 5 Issue: 1 Year: 2026

# मुक्त कमलरी महिलाहरूको संगठित प्रयासबाट आर्थिक सशक्तीकरणदेखि नीतिगत परिवर्तनसम्म : बर्दिया जिल्लामा *कमैया महिला जागरण समाज नेपालको* भूमिका

**डिल्लीबहादुर बि.सी.**[1*]

Dilli Bahdur B. C.

*DOI: https://doi.org/103126/academia.v5i1.89191*

[1]*Dilli Bahadur B.C., PhD Research Scholar, Nepal Sanskrit University, Beljhundi, Dang

*Corresponding Author. Email: dillibc@gmail.com

Article History: Received: *July. 15, 2025* Revised: *Sept. 11, 2025* Received: *December 6, 2025*

## लेखसार

नेपालको तराई क्षेत्रमा दशकौंसम्म चल्दै आएको कमलरी प्रथा उन्मुलन घोषणा भएपछि पनि प्रभावित महिलाहरूले सामाजिक, आर्थिक र राजनीतिक रूपमा पुनर्स्थापना पाउन निकै चुनौतीपूर्ण रह्यो । यो अध्ययनले बर्दिया जिल्लामा मुक्त कमलरी महिलाहरूले आफैं गठन गरेको कमैया महिला जगारण समाज नेपाल नामक संस्थाले आर्थिक सशक्तीकरण, शिक्षा, विपद् व्यवस्थापन, नीति निर्माण र सामुदायिक नेतृत्व विकासमा कसरी योगदान पु¥यायो भन्ने विषयलाई केन्द्रमा राखेर गरेको छ । संस्थाले मुक्त कमलरी महिलालाई मात्र होइन, उनीहरूका परिवार र समुदायलाई समेत सकारात्मक प्रभाव पार्दै नीतिगत परिवर्तनसम्म पु¥याएको यात्रालाई विश्लेषण गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको छ । मुख्य रूपमा संस्थाको आन्तरिक दस्तावेज, सरकारी नीति/कानुन, वार्षिक प्रतिवेदन, बैठकका निर्णयहरू र संस्थाका पदाधिकारी/सदस्यहरूसँगको गहन अन्तर्वार्ता तथा फोकस ग्रुप छलफललाई आधार बनाइएको छ । बर्दिया जिल्लाका बढैयाता गाउँपालिका, बाँसगढी नगरपालिका, गेरुवा गाउँपालिका र राजापुर नगरपालिकाका केही वडा तथा बस्तीहरूमा प्रत्यक्ष अवलोकन र तथ्यांक संकलन गरिएको छ । द्वितीयक स्रोतका रूपमा नेपाल सरकारका कानुन (जस्तैः *कमलरी श्रम उन्मूलन ऐन, २०६४*), पुनर्स्थापना निर्देशिका र सम्बन्धित मन्त्रालयका प्रतिवेदनहरूको विश्लेषण गरिएको छ । संस्थाले बर्दिया जिल्लामा १३,००० भन्दा बढी मुक्त कमलरी महिलालाई अधिकारबारे सचेतना, नेतृत्व विकास तालिम र जीविकोपार्जन कार्यक्रममा सहभागी गराएको छ । स्थानीय तहहरूले मुक्त कमलरी पुनर्स्थापना कार्यविधि पारित गरी कार्यान्वयन गरेका छन् । बर्दियाका बढैयाताल र गेरुवा गाउँपालिकाले मुक्त कमैया पुनर्स्थापनाका लागि कार्यविधि समेत बनाउनु अधिकारको पैरवी ठूलो उलब्धि हो ।२४ वटा महिला किसान समूह, २ वटा सहकारी र १६ वटा बालक्लब गठन गरी आर्थिक आत्मनिर्भरता र बालबालिकाको शिक्षामा योगदान पुगेको छ । समान कामका लागि समान तथा न्यायोचित ज्याला अभियान चलाएर स्थानीय तहका न्यूनतम ज्याला निर्धारण समितिमा महिलाको अनिवार्य प्रतिनिधित्वको माग सफल भएको छ । विपद् व्यवस्थापनमा तालिम प्राप्त महिलाहरूले समुदायमा पूर्वतयारी र राहत वितरणमा सक्रिय भूमिका खेलेका छन् । संस्थाले बालबालिकाको निःशुल्क शिक्षाको लागि स्थानीय तहबाट कार्यविधि पारित गराउन सफल भएको छ । मुक्त कमलरी महिलाहरूले आफैं गठन गरेको कमैया महिला जगारण समाज नेपालले देखाएको यो मोडलले प्रमाणित गर्छ कि प्रभावित समुदायले आफैं संगठित भएर आर्थिक सशक्तीकरणदेखि नीतिगत परिवर्तनसम्म पुग्न सक्छ । यो संस्थाले स्थानीय तहको नीति निर्माणमा प्रत्यक्ष प्रभाव पारेको छ भने महिलाहरूको नेतृत्व, आत्मसम्मान र समुदायमा सहभागितालाई उल्लेखनीय रूपमा बढाएको छ । यसबाट भविष्यमा यस्ता समूहहरूलाई थप स्रोत र नीतिगत समर्थन दिन सके समानता र सामाजिक न्यायको यात्रा अझ प्रभावकारी हुने देखिन्छ ।

***शब्दकुञ्जी*** : पूर्खा, बुक्रही, भुमिपति, ज्यादती, ऋणदाता, जीविकोपार्जन, जनसंगठन, कमैया महिला

## परिचय

भुमिहीन पूर्खाका कारण भमिमा श्रम गर्नेले आफ्नो श्रमको सम्मान र नागरिक अधिकारका लागि आफ्ना समस्यामा जनमत निर्माण गरी संयुक्त रुपमा भुमिपतिसँग संगठित आवाज उठाउन सुरु गरेको करिब एक शताब्दी हाराहारी भएको छ । उनीहरु सानो स्वमा आफुमाथीको ज्यादतीका लागि आवाज उठाउने तहसम्म आउदा कयौं दशक पार भयो । 'विशेषरी जमिनदार ठकुरी

र राणा विरोधी आन्दोलनकर्ताले पश्चिम नेपालको तत्कालिन ठूलो व्यापारिक केन्द्र राजापुरमा भुमिपति विरुद्ध आन्दोलन गरेको इतिहास तत्कालीन समयमा पीडादायि थियो भने आज प्रेरणाको मुलस्रोत हो । त्यस आन्दोलनमा जमिनदारको अगुवाईमा प्रहरी र प्रशासन सहित तीन पक्षको दमन भयो । इतिहासमा पहिलो महिला सहिद हुनु पर्दछ कोइलीदेवी । उहाँ सहित तीन जनालाई आन्दोलन दवाउने नाममा गोली हानी हत्या गरियो । कयौं गोली लागेर घाइते भए । केही कुटपिटबाट घाइते भए ।'(श्रेष्ठ, दिनेशप्रसाद, २०८२)

समग्र तराई क्षेत्रमा शासकको यो दमनले अन्याय विरुद्ध आवाज उठाउनेलाई लामो समयसम्म मनोबल कमजोर बनायो । 'अत्याचार, दमन, शोषण र यातानाका विरुद्ध फेरी कन्द्रामा काँसीराम थारु लगायतको अगुवाईमा जमिनदार विरुद्ध आन्दोलन भयो । त्यहाँपनि जमिनदारले दमन गर्ने प्रयास गरे । यस आन्दोलनलाई राजनीतिक विचारधारात्मक आस्थाका व्यक्तिहरुको पनि सहयोग थियो ।' (थारु,चिजमान २०८२) दासता विरुद्ध संगठित हुनका लागि कमैयालाई संगठित बनाउन गैरसरकारी क्षेत्रबाट जिफन्टको विशेष अगुवाई अन्तराष्ट्रिय श्रम संगठन(आइएलओ) लगायतको सहयोग थियो । देशभरका कमैयालाई संगठित बनाउने, मानव अधिकारको सचेना गर्ने, अक्षर चिन्नका लागि प्रौढ कक्षा संचालन गर्ने काम भयो । यसैगरी इन्सेक लगायतका, कमैया सरोकार मञ्ज, किसान संगठन सहित तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको प्रमुख आथित्यमा बाँकेमा कमैया सरोकार मञ्चले राष्ट्रिय भेला समेत गरेको थियो । यस्ता कायौं संघ, संस्था, तथा २०४७ साल पछि राजनीतिक दलले समेत कमैयाका सरोकारका विषयमा गहन छलफल, सल्लाह, अगुवाई र सम्मेलन गरे । दलले यो समस्यालाई राजनीतिक एजेण्डा समेत बनाए । २०४९ सालतिर होला नेपालका प्रखर वक्ता तत्कालीन ने.क.पा.एमाले महासचिव मदनकुमार भण्डारीले समेत कमैया वर्ग हो । यो वर्गमाथी भएको दमनको प्रतिवाद गर्नु गर्ने उनीहरुको नागरिक, राजनीतिक, सामाजिक, आर्थिक र मानवअधिकारको सवालमा खुल्ला मञ्चमै भाषण गर्नु भएको थियो । आफ्ना कार्यकर्तालाई न्यायका लागि ऐक्यवद्धता जाउन र अन्यायको विरोध गर्न समेत निर्देशन दिनु भएको उहाँका भाषणहरु अहिले पनि हामी सुन्न पाउछौं ।

कमैया सवालमा राजनीतिक दलको पनि एजेण्डा बनेको सरकारलाई पनि राम्रोसँग जानकारी थियो । सरकार कुनैपनि हालतमा कमैयालाई विभिन्न बहानामा दासता बनाउनेलाई तत्कालीन कानुनका आधारमा जरिवाना गराउने पक्षमा थिएन् । कमैयाको पक्षमा पैरवी गर्ने उनीहरुलाई सहयोग गर्नेले पनि जसले कमैया राखेको त्यसलाई विद्यमान कानुनका आधारमा समेत कारवाही हुनुपर्दछ भन्ने एजेण्डा तयार पारेको अवस्था देखिदैन । केवल दासताबाट मुक्त हुनु पर्दछ भन्ने थियो । जसले दास बनायो उसलाई गैरकानुनी कार्य वाफतको कारवाहीको सवाल बनेना । तर एकल मुक्त गर्नु पर्ने कुरा पनि इतिकासमा ठूलो चुनौति थियो । तत्कालीन संसद विपक्ष दलका नेता माधवकुमार नेपाल समेत हाम्रा सवालमा ऐक्यवद्धा जनाउदै २०५८ असार ३० गते काठमाडौं भएको बृहत्त छलफलमा सहभागि हुनु भयो । इन्सेकले आयोजना गरेको कार्यक्रममा जे प्रतिवद्धता जनाउनु भयो सोही कुरामा सरकार समेत सहमत भएर २०५७ साउन २ गते तत्कालीन प्रधामन्त्री गिरिजाप्रसाद कोइराला मन्त्रिपरिषद् कमैया मुक्तको घोषण गरेको थियो ।

### कमैया मुक्त घोषण भन्दा पहिलेको सरकारको पहल

सरकारले कमैया मुक्त गर्नु भन्दा पहिलेनै कमैयाको तथ्यांक संकलन गर्नुको प्रमुख कारण कमैया संठित हुँदै थिए भन्ने जानकार थियो । यो समस्या अन्तराष्ट्रिय स्तरमा पुगि सकेको थियो । राजनीतिक दल विशेषगरी तत्कालिन विपक्षदल ने.क.पा.(एमाले)को एजेण्डा बनेको थियो । श्रमिक संगठनले कमैयालाई संगठित, सचेत, साक्षर र प्रतिवाद गर्ने क्षमता विकास गरेका थिए । देशभरमा कमैयाको बसोबास कहाँ छ भन्ने तलग संकलन समेत गर्नुको कारण, आयका लागि लगानी, पेशामा जुटाउनु ऋण मुक्त गर्नु आदी प्रमाण छन् ।

- सरकारले २०५२ सालमा १५ हजार १५२ कमैया बसेका परिवार लगत संकलन
- लगत पछि २०५२ सालमा ८१७ कमैया समूह गठन र बचत रकम परिचालन
- २०५२ देखि कमैया पुन:स्थापना र वृत्ति विकास कार्यक्रम संचालन
- २०५२ सालदेखि कमैया घुम्तिकोष कार्यक्रम आइ.एल.ओको सहयोग
- २०५२ सालदेखि कमैया उद्यमी विकास कार्यक्रम संचालन
- २०५३ सालदेखि कमैया बसोबास समिति गठन
- २०५५ सालदेखि कमैया ऋण मोचन कोष सुरु

- २०५७ साउन २ गते मा कमैया पर्था अन्त्य भएको घोषणा गरेको सरकारले कमैया श्रम(निषेध गर्ने सम्बन्धी)ऐन २०५८ जारी । मुक्त कमैया पुनर्स्थापना जिल्ला तहमा सुरुवात २०६५ बाट मात्रै विधिवत रुपमा सुरु गरेको थियो ।
- दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कुल २७ हजार ५ सय ७० परिवार कमैया छन् ।
- हालसम्म ३ सय २० परिवारले जग्गा पाएका छैनन् । ११ हजार ४ सय ३६ परिवारले काठ नपाउँदा घर बन्न सकेको छैन ।
- कमैयाको पुनर्स्थापनामा मात्र ३ अर्ब ९० करोड ९२ लाख खर्च भएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव गोपाल गिरीले जानकारी दिनु भयो ।*(स्रोत:२०७५ फाल्गुन १४ मंगलबार)*

## मुक्त कमैयाको संगठन निर्माण

कमैया मुक्त भएपछि तत्कालिन आन्दोलनका सहयोगी, सहयात्री तथा गैर मुक्त कमैयाका संगठनहरु जसको सवाल उसैको नेतृत्वको लागि पैरवी गरेका कारण उनीहरु अब हरेक सवालमा मुक्त कमैयाकै नेतृत्व हुनु पर्दछ भन्ने मान्यताका थिए । जिफन्ट, कमैया सरोकार मञ्च, अखिल नेपाल किसान संगठनले क्रमिक रुपमा मुक्त कमैयाको आन्दोलनबाट बाहिर गए । केही अन्तराष्ट्रिय गैरसरकारी संस्थाले गाँस, बास र क्षमता विकासका लागि सहयोग गर्न सुरुवात पनि गरे । विशेषगरी मुक्त पश्चात, कानुन निर्माण, कार्यान्वय र पुनर्स्थापनामा वस्तीस्तरका समस्या समाधानका लागि तत्कालिन एक्सनएडमा कार्यरत नन्द कन्दंङ्गवासँगको समन्वय तथा सल्लाहमा मुक्त कमैया समाज गठन भयो । यो जनसंगठनका रुपमा स्थापित भयो । यो कुनै गैरसरकारी संस्थाभन्दा पनि सवामा एकता हुने देशभरका मुक्त कमैयाको प्रतिनिधित्व गर्दै कैलालीका पुशपति चौधरीको नेतृत्वमा मुक्त कमैया जनसंगठन वस्तीस्तर देखि केन्द्रसम्म गठन भयो । समाजमा सवाल र लिङ्गका आधारमा मुक्त कमैया युवा सञ्जाल र कमैया महिला जागरण समाज नेपाल, पनि थिए ।

## अध्ययनको उद्देश्य

कमैया महिला जागरण समाज नेपालले बर्दिया जिल्लामा मुक्त कमैयाकै क्षेत्रमा गैरसरकारी संस्थाको रुपमा स्थापना भएर उनीहरुले पहिचान गरेका सवालमा समाधनका लागि के कति उपलब्धि प्राप्त गरेको छ भन्ने पहिल्याउने रहेको छ ।

## अध्ययनको औचित्य

कमैया महिला जगारण समाज नेपालले बर्दिया जिल्लामा कमैया महिला, मुक्त कमैया, कमलहरीको पहिचान, जीविकोपार्जन, विपद, नीतिगत अवस्था, शैक्षिक सवालमा पारेको प्रभावको सही रूपमा प्राज्ञिक रूपमा अध्ययन हुँदा यी कमैया महिलाको क्षमताविकास, अवसर तथा मुलधारमा काम हुने सक्ने सहयोग हुने छ ।
(क) आर्थिक अवस्था सुधारमा सरकारको मात्रै मुखताक्नु पर्ने रहेनछ,
(ख) दासताको जीवन विताएका लागि आफ्नो अधिकार प्राप्तीमा आफै संगठित हुँदा परिणाममा सकारात्मक प्रभावन पर्ने रहेछ।
(ग) उनीहरूको आत्म सम्मानको संरक्षण गर्न सक्छ,
(घ) अधिकार माग गर्ने अवस्था सिर्जना गर्न संगठनले प्रोत्साहित गर्न सक्छ भन्ने देखाउन,
(ङ) जसको सवाल उसैको नेतृत्व भन्ने नीतिको व्यवहारिक प्रयोग हेर्न सकिने ।

## अध्ययनको सीमा

अध्ययनमा मुक्त कमैयाका श्रीमति (बुक्रही) कमैया महिलाले आफ्ना पनि छुट्टै अधिकार प्राप्तको आन्दोलन हो । सरकारले नीतिग रुपमा कमैया महिलालाई बुक्रहीको रुपमा स्वीकार गरी कमैया (श्रम निषेध गर्न) सम्बन्धी ऐन २०५८ मा उल्लेख गरेको छ । उनीहरुलाई छुट्टै पहिचान र पुनर्स्थापना नगरे पछि दासताको भोगाई र नीति कार्यान्वयनका लागि नेपालमै कमैया महिलाहरुले मात्रै आफै सहभागिता र सक्रियतामा निर्माण गरेको कमैया महिला जगारण समाजन नेपाल नामक संस्थाले उनीहरुका लागिकै लागि एक्सनएड नेपाल नामक संस्थाको आर्थिक सहयोगमा गरेको कार्य प्रगतिको गुणात्मक तथ्यलाई मात्रै अध्ययन गरिएको छ ।

यो अध्ययनमा कमैया महिला जागरण समाज नेपालले आफ्नो कार्यक्षेत्र बनाएर काम गरेको बर्दिया जिल्लाका बढैयाता गाउँपालिका, बाँसगढी नगरपालिका, गेरुवा गाउँपालिका र राजापुर नगरपालिकाको केही वडाका केही वस्तीमा क्षमता

विकास, मुक्त कमैया पुनर्स्थापनामा नीति निर्माण, जीविकोपार्जन तथा विपद व्यवस्थापनमा गरेको कामको तथ्य अध्ययन गरिएको हो ।

## पूर्वकार्यको समीक्षा

नेपाल कमैया श्रमिक विद्यमान रहेको बारेमा नेपाल सरकार सूचना विहीन अवस्थामा थिएन् । सरकारले कमैया श्रमलाई अन्त्य गर्नका विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गरेका एथेष्ट प्रमाण छन् । तर विभन्न दवाव र आन्दोलन तथा पैरवीका आधारमा वि.सं. २०५७ साउन २ गतेका दिन कमैया श्रम निषेध गरेका घोषणा गरेका थियो । सरकारले कमैयालाई मुक्त घोषणा गर्दा ‘कमैया श्रम’ भन्नाले देहायका कारणबाट विनाज्याला वा न्यून ज्यालामा ऋणदाताका लागि गर्नुपर्ने श्रम वा सेवा सम्झनुपर्छः भनि कमैयालाई परिभाषित गरेको छ । “कमैया श्रम (निषेध गर्ने सम्बन्धी ऐन,२०५८” को परिच्छेद १ को परिभाषा (२), (ख)मा “कमैया श्रमिक” भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कम्लहरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्छ । *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धि ऐन २०५८)*

सरकारले मुक्त घोषणा गरेका बर्दिया जिल्ला मुक्त कमैया धेरै भएको जिल्लामा पर्दछ । आजका मिति सम्म उनीहरूका पूर्ण रूपमा सही पुनर्स्थापना गर्न सकेको छैन । पहिलो पटक हरेक एकाघर परिवारलाई बासका लागि बढीमा ५ कठ्ठा जमिन, ३५ क्वीफिट काठ, नगद १० हजार रूपैया र एक घर एक परिवारलाई रोजगारका लागि सिपमूलक तालिम दिने निर्णय गरेको थियो ।*(नेपाल सरकार,“मुक्त कमैया पुनर्स्थापन समस्या समाधान आयोग (गठन) (एघारौं संशोधन) आदेश, २०६९)*

मुक्त कमैया पुनर्स्थापना गर्दा उनीहरुले प्राप्त गर्ने जमिन मुक्त कमैयापरिवारले पुनः प्रयोग गर्न नपाउने नीतिगत व्यवस्था समेत रहेको छ । यसले गर्दा पनि मुक्त कमैयाका श्रीमतीले सो सरकारको नीति अव्यवहारिक भएको भन्ने तर्क समेत रहेको छ । कमैया श्रम (निषेध गर्ने) *सम्बन्धी नियमावली, २०६८* बुद्धा नं. ९ मा ”धितो बन्धक राख्न वा हक हस्तान्तरण गर्न नपाइनेः (१) नेपाल सरकारले मुक्त कमैयालाई उपलब्ध गराएको जग्गा वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन वा कुनै पनि किसिमले कसैलाई हक हस्तान्तरण गर्न पाइने छैन ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुक्त कमैयाका कानुन वमोजिमका अंशियारका बीचमा अंशवण्डा गर्न र निजको शेष पछि निजका हकदारका नाममा नामसारी गर्न बाधा पर्ने छैन ।” *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८)*

कमैया महिला जागरण समाज नेपाल, समान सवाल भएका र दासताको जीवन विताएका महिलाले मात्रै आफ्ना लागि संस्था स्थापना गरी स्रोतको पहिचान, संचालन, व्यवस्थापन गर्नु सबैको भन्दा महत्वपूर्ण निर्णय थियो । यसलाई व्यवहारिक रुपमा कार्यान्वन गर्नु अझै चुनौती थियो होला । तर कमैया महिला जागरण समाज नेपालले आफ्नो उद्देश्य यसरी परिभाषित गरेको छ । “संस्था स्थापनादेखि नै कमैया महिलाको विगतको भोगाई, पुनर्स्थापना नीतिमा भएको व्यवस्थाको कार्यान्वयन, समग्र महिलाभित्र पनि कमैया महिलाको अवस्था राजनीतिक, आर्थिक, सामाजिक र प्रतिनिधित्वमा निकै पछाडी रहेकोले महिलाभित्र पनि कमैया महिलाले पीडा नपाउन भन्ने हेतुले उनीहरुको पैरवीको मियो बनेको हो । कमैया महिला जागरण समाज नेपाल निश्चित अभियान, उद्देश्य र परिकल्पनाका आधारमा निर्माण भएको हो । यसले मुक्त कमैया महिला, बालबालिक र उनीहरुको नागरिक अधिकार, आयआर्जन, अवसर, नेतृत्व, शिक्षा, स्वास्थ्यको तत्कालिन अवस्थामा परिवर्तनका लागि संगठित गर्ने, पहलकदमी गर्ने, पैरवी सिप विकास, आपत्तकालिन सहयोगको सारथी बन्न उनीहरुकै सहभागितामा स्थापना भएको हो ।”(*पहल,* २०८२)

## शोधविधि

### अनुसन्धान ढाँचा

यस अध्ययनलाई पुरा गर्नका लागि दासताको इतिहास देखि महिलाले कमैया मुक्त पश्चात किन, कसरी र केका लागि आफ्नो संगठन निर्माण गरे । उनीहरु कसरी संगठन निर्माणको अवस्थामा पुगे र के उपलब्धि हाँसिल गरे भन्ने सबै अवस्थाको अन्वेषणात्मक रुपमा अध्ययनका साथै संस्थाका आधिकारिक व्यक्तिसँगको धेरै छलफल बहस, विमर्श आदिका आधार तथ्यमा पुग्ने र सत्य प्रस्तुत गर्नु पर्ने बाध्यात्मक अवस्था थियो । यसका लागि सरकारले बनाएका ऐन, गठन आदेश र कार्यविधिको विश्लेषण र कमैया महिला जागरण समाज नेपालका दस्तावेजहरु अध्ययन गर्नका लागि पुस्तकाल अध्ययन विधि पनि अपनाइएको छ । अध्ययनलाई अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 5 Issue: 1 Year: 2026

**तथ्याङ्क संकलनको स्रोत**

यो अध्ययनको गुणात्मक तथ्य संकलन तथा प्रस्तुतिमा छ। यसको प्रमुख स्रोत कमैया महिला जागरण समाज नेपाल, त्यस संस्थामा कार्यरत कर्मचारी, कार्यसमिति र अधिकारवाला मुक्त कमैया रहेका छन्। यसका साथै सरकारहरुले पारित र जारी गरेका कानुन, ऐन, गठन आदेश र कार्यविधि अध्ययनका स्रोत रहेकाछन्।

**तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण**

कमैया महिला जागरण समाज नेपालको गठन, सवालको पहिचान र संस्थाले समुदायमा गरेका कार्यहरुका आधारमा प्राप्त गरेका उपलब्धिमा केन्द्रित रहेको छ। संघीय सरकारले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ र मुक्त कमैया पुन:स्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,सत्रौं संशोधन २०७५ मा मुक्त कमैयाको पुनर्स्थापनान लागि नीतिगत व्यवस्था गरेको छ। ऐन र आदेशमा व्यवस्था गरिएका विषय र सवालमा के कस्ता प्रावधान समावेस गरिएको थियो।

**कमैया महिला जागरण समाज नेपाल स्थापना**

कमैया महिला जागरण समाज नेपाल वि.सं. २०६४ जेष्ठ ३१ गतेका दिन मुक्त कमैया समाजको भातृ संगठनको रुपमा गठन भएको हो। दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा आफनो संगठनलाई विस्तार गरेको थियो। कालान्तरमा कमैया महिला जागरण समाज नेपाल संस्थाको रुपमा बर्दिया जिल्ला प्रशासन कार्यालयमा दर्ता भएर स्थापना भएको हो।

**तलिका १**
*कमैया महिला जागरण समाज नेपालाको संस्थापक कार्यसमिति*

| क्र.सं. | नामथर | पद | ठेगान |
|---|---|---|---|
| १. | कृष्णी थारु | अध्यक्ष | राजापुर-४ घुम्ना, बर्दिया |
| २. | सुनरुपी चौधरी | उपाध्यक्ष | सिसहनिया-१ सिसहनिया, दाङ्ग |
| ३. | केवलपति चौधरी | कोषाध्यक्ष | बलिया-२ एकतानगर, कैलाली |
| ४. | मीना चौधरी | सचिव | शंकरपुर-८ दुङ्गा, कञ्चनपुर |
| ५. | रमा चौधरी | सदस्य | दैजी-३ धरमपुर, कञ्चनपुर |
| ६. | विष्णी थारु | सदस्य | नयागाउँ-३ चैनपुर, बर्दिया |
| ७. | फुलमति चौधरी | सदस्य | मलाखेती-२ मलाखेती, कैलाली |
| ८. | रामवासी चौधरी | सदस्य | सोनपुर-१ नर्ती, दाङ्ग |
| ९. | आरती थारु | सदस्य | कालिका-४ जनतानगर, बर्दिया |

*स्रोत:कमैया महिला जागरण समाज नेपाल*

यसले मुक्त कमैया समाजबाट समेटिन नसक्ने सवालमा नेतृत्व गर्ने गरी यो संगठन स्थापना गरिएको थियो। यो संगठनले मुक्त कमैयाको लगत संकलनमा नै विभेद भएको पहिचान गरी कमैया शब्द पुरुषलाई मात्रै संबोधन गरिएको सरकारको व्यवहार र नीति पुन: परिमार्जनका लागि पैरवी तथा आन्दोलन यसको एजेण्डा बनाएको थियो। 'पुनर्स्थापना भन्दा पहिला लगत संकलनमा पुरुषको पहिचानमा परिवारको सदस्य मात्रै हैन, कमैया महिला बुक्रहीको रुपमा अझै ठूलो दासता भएर बस्नु परेको दावी छ। यसका साथै कमैया महिलाको प्रमुख पेशाको रुपमा दैनिक ज्यालादारी काममा पनि पुरुष र महिलाका विभेद गरी ज्यालामा पनि महिलालाई समाजमा कम ज्याला दिने गरियो।'(थारु, विरुनी २०८२) महिला हिंसा विरुद्धको अभियान तथा भूमिमा संयुक्त लालपुर्जा बनाएर स्वामित्वमा महिला पुरुष वराबर हिंस्सा कायम गर्न र महिला अधिकारका लागी कमैया महिलाहरुलाई संगठित गर्दै आएको छ। 'कमैया महिलाका सवालको न्यायोचित रुपमा समाधान, उनीहरुको सबलिकरण र सशक्तिकरण गर्ने, नीतिगत पैरवीका लागि पाँचै जिल्लाका कमैया महिलाको पहलमा बर्दिया जिल्लामा केन्द्रीय कार्यालय रहने गरी २०६७ साल भाद्र ११ गतेका दिन जिल्ला प्रशासन कार्यालय बर्दियामा 'कमैया महिला जागरण समाज नेपाल' गैरसरकारी संस्थाको रुपमा दर्ता भएको छ। साथै समाज कल्याण परिषद्मा समेत दर्ता भएको छ।' (थारु, कृष्णी २०८२)

**कमैया महिला प्रमुख सवालहरु**

कमैया महिला जागरण समाज नेपालले स्थापनको आवश्यकता रहले भन्दा पनि बाध्यताको परिणाम हो । चरम दासताको जीवन विताएका कमैया महिला भोको पटे, शरिरमा लगाउने कपडाको अभाव, बस्ने बासको टुङ्गो नभएको, साक्षरताको अभाव, अन्य महिला अधिकारकर्मीलाई कमैया महिलाको सवालले नछोएको बेला, आर्थिक अभावमा पनि समस्याले एकता बनायो । कमैया मुक्ति पछि सरकारी व्यवहारले, समुदायमा भोग्नु परेका विविध समस्याले एकता, संगठन र संघर्षका लागि एउटै मालामा जोडेन काम गरेको थियो । कमैया महिला जागरण समाजको संगठन वस्ती देखि केन्द्रसम्म निर्माण गरिएको थियो ।

१) कमैया महिलाहरुको पहिचानको लागि परिचयपत्र ।

२) नीति निर्णयतहमा कमैया महिलाहरुको प्रतिनिधित्व ।

३) समान कामको समान तथा न्यायोचित ज्याला ।

४) महिला माथिको घरेलु हिंसाको अन्त्य ।

५) कमलहरी पर्थाको अन्त्य ।

*स्रोत: कमैया महिला जागरण समाज नेपाल*

यी सवाल हरेक कमैया महिलाका सवाल बनाएर बस्ती देखि केन्द्रसम्म नीति परिवर्तन, निर्माण देखि सामाजिक संरचनामा प्रतिनिधित्व र कमैया मुक्त पछि अझै व्यापक रुपमा आफ्ना बालबालिकालाई पुन सहरीया दास बनाउन बाध्य र सरकारले उनीहरुको शिक्षा, बृद्धि विकासमा काम नगरे पनि कमलहरी बस्न बाध्य भएकोले यो पनि मुक्तिका लागि सवाल बनाएको थियो । पहिलो चरणमा कमैया महिला जागरण समाजले १३ हजार कमैया महिलालाई सवाल बुझाउने, अधिकारको दावी गर्ने, पैरवीका लागि आमसञ्चेतीकरण गर्ने जस्ता विषयमा हातेमालो गरेको थियो ।

**तलिका २**

***विभिन्न जिल्लाहरुमा कमैया महिला जागरण समाजले संकलन गरेको तथ्यांक***

| क्र.स. | जिल्ला | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कञ्चनपुर | ३ हजार जना | |
| २. | कैलाली | ४ हजार जना | |
| ३. | बर्दिया | १ हजार ५ सय जना | |
| ४. | बाँके | २ हजार जना | |
| ५. | दाङ्ग | २ हजार ५ सय जना | |
| | जम्मा | १३ हजार जना | |

*स्रोत: २०११ अगष्ट ४-६, केन्द्रीय भेला बाँकेमा पारित दस्तावेज*

**स्थानीय ज्याला कार्यान्वयनका लागि अभियान**

समान कामको समान तथा न्यायोचित ज्याला कार्यान्वयको लागि ११ वटा संस्थाको संयुक्त घोषणा जारी गरिएको थियो । जसका लागि २०६८ असार ३१ र ३२ गते बर्दियाको गुलरियामा राधाकृष्ण थारु जनसेवा केन्द्र र कमैया महिला जागरण समाज नेपालको आयोजना गरिएको थियो । जिल्ला दररेट निर्धारण समितिलाई असमान श्रम अनुसारको ज्याला र तोकिएको ज्याला अनिवार्य रुपमा पाउनु पर्ने दवाव स्वरुप सो घोषणा पत्र कार्यान्वयन गराउनु परेको थियो । विशेषगरी कमैया महिला र यस्तै असंगठित क्षेत्रका श्रमिकका पक्षमा पैरवी तथा अभियानमा कपिलबस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कार्यरत संस्थाले समान कामको समान तथा न्यायोचित ज्याला कार्यान्वयनका लागि निम्न मागहरु रहेका छन् ।

१) ज्याला निर्धारण समितिमा मजदुरहरुको अनिवार्य प्रतिनिधित्व हुनुपर्दछ ।
२) श्रम अनुसारको न्यायोचित ज्याला निर्धारण गरिनु पर्दछ ।
३) समान कामको समान ज्याला कार्यान्वयन गरिनु पर्दछ ।

४) जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको ज्याला अनुसार श्रमिकले ज्याला पाए/नपाएको प्रभावकारी अनुगमन गरिनु पर्दछ ।
५) असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको श्रमको सम्मान गर्दै सीप र दक्षताको पहिचान सहितको परिचयपत्रको व्यवस्था गरिनु पर्दछ ।
६) जिल्ला दररेट निर्धारण समितिले तोकेको ज्यालादर बिभिन्न सञ्चार माध्यम मार्फत सार्वजनिक गरिनु पर्दछ ।

**कमलहरी मुक्तिका लागि अभियान र परिणाम**

कमैया महिला जागरण समाज नेपालले मुक्त कमैयाको पुनर्स्थापना वा कमैया महिला पहिचान सहितका अधिकारका मात्रै अभियान तथा पैरवी मात्रै गरेका थिएन । सुरुवातमा नै आफ्ना प्रमुख ५ वटा सवाल मध्ये कमलहरी मुक्तका लागि व्यक्ति, वस्ती, गाविस, जिल्ला हुँदै केन्द्रसम्म आन्दोलन गर्ने कार्ययोजना समेत निर्माण गरी व्यवस्थित आन्दोलन गरेको थियो । कमैया मुक्त गरिए पनि कमलहरी वस्नु पर्ने समस्या अझै व्यापक हुन थाले पनि यो सवाललाई आफ्नो प्राथमिकता राखेको थियो । कमैया महिला जागरण समाज नेपालका विभिन्न तहका दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्ला समिति, क्षेत्रिय समिति र बस्ती समितिमा गहन छलफल पछि कमलहरी मुक्तको लागि कार्ययोजना समेत बनाएका थिए ।

**तलिका ३**

*सवाल : कमलहरी पर्थाको अन्त्यका लागि पहिलो कार्ययोजना*

| मुख्य गतिविधि | सूचक | समयावधि | आधारभूत प्रकृया | जिम्मेवार |
|---|---|---|---|---|
| १) कमलहरीको लागि जिल्लामा छुट्याइएको रकम र गतिविधिहरुको बारेमा जानकारी | जिल्लामा कमलहरी पुनर्स्थापनको लागि छुट्याईएको रकम तथा कार्यक्रमको बारेमा जाकारी प्राप्त हुनेछ । | असोजको अन्तिमसम्म | जिल्ला शिक्षा कार्यालयबाट सूचना लिने । | केन्द्रीय समिति, जिल्ला समिति, अभियानकर्मी, नेतृत्व विकास तालिममा सहभागि महिला |
| २) कम्लरीको तथ्यांक/जानकारी | सहजकर्ता बसोबास गर्ने स्थानहरुको कमलहरीको तथ्यांक/सूचना प्राप्त हुनेछ । | असोजसम्म | आ-आफ्नो बस्तीको अवलोकन भ्रमण | स्थानीय सहजकर्ता |

*स्रोत: कमैया महिला जागरण समाज नेपाल*

सरकारले २०७० सालमा कमलहरी मुक्त घोषणा गर्‍यो । कुल कमलहरीको संख्या ९,४९० देखिएको छ तर केवल २,३५२ कमलहरीले मात्र बिगत हालसम्म परिचय पत्र हात पार्न सफल भएका छन् । यो भनेको केवल २५ प्रतिशतले मात्र परिचय पत्र हासिल गरेको, बाँकी ७५ प्रतिशतलाई परिचय पत्र समेत नमिलेको भन्ने हो ।

**जीविकोपार्जनको अवस्था**

गैरसरकारी संस्थाले, सानो भएपनि बास निर्माण, सीप विकासका विभिन्न कार्यक्रम, आय आर्जनकाका सहयोग, शिक्षा आर्जनका लागि औपचारिक र अनौपचारिक अध्ययन क्षेत्रमा सहयोग, अधिकार र पैरवीका विभिन्न तौरतरिका साथै छानोका लागि त्रिपालसम्मका सेवा दिएका प्रस्सतै उदाहरण छ ।
कमैया महिला जागरण समाज नेपालले कार्यक्षेत्रमा रहेका विभिन्न २४ वटा महिला कृषक समूह र २ वटा सहकारी तथा १६ वटा बालक्लबहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सबैजना लाभान्वित भएका छन् ।

**समाज र विपद् उत्थानशीलताको अवस्था**

कमैया बस्तीहरुको बासोबासको प्रकृति हेर्दा नदीको बगरमा, जंगलको छेउमा तथा अनुत्पादक ठाउँहरु बाढी आउने, आगो लाग्ने बस्ती तथा जंगली जनावारहरु आक्रमण गर्ने भनी सधैं डरत्रासमा बाँच्नुपर्ने बाध्यता छ । संस्थाको कार्यक्षेत्रमा अधिकांस मुक्त कमैयालाई विपद्मा अनुकुल सीप र प्रतिकार्य जस्ता विषयमा जानकार भएका छन् । समस्या अनुसारको समाधानका उपाय अबलम्बन गरिरहेका छन् । विपद् पूर्व तयारी, विपद्को समयमा र विपद् पश्चात राहत र उद्दार तथा पुनर्स्थापनामा हाल समुदायमा सहकार्य छ । स्रोतको व्यवस्था गर्ने र सरोकारवालासँग दावी गर्ने अवस्थामा पुगेका छन् ।

**शिक्षा आर्जनको अवस्था**

बालबालिकालाई सिजनात्मक क्रियाकलापमा सधैँ सहभागि गराउदै बालक्लबहरु गठन तथा पुर्नगठन गर्ने, वार्षिक कार्ययोजना निर्माण गर्न सहयोग गर्ने र ती योजना कार्यान्वयन गर्न सहकार्य आज शिशुस्याहर केन्द्र स्थानीय तहले स्वीकार गरी त्यहाँको सम्पूर्ण स्वामित्व ग्रहण गरको छ । मुक्त कमैया वस्तीमा विद्यालयहरु भवन बनेका छन । कतिपय छिमेकी विद्यालयले स्रोत विद्यालयको रुपमा यी विद्यालयलाई स्वीकार गर्दै स्तरउन्नतीमा सहयोग गरेका छन् ।

बर्दियाको बढैयाताल गाउँपालिका वडा नं. ६ प्रगतिनगरमा १ वटा र वार्ड नं. ४ रामनगरमा १ वटा गेरुवा गाउँपालिकाको वार्ड नं. ५ स्याउली बजारमा १ वटा राजापुर नगरपालिकाको वडा नं. ४ मा १ वटा यस शिसु स्याहार केन्द्र स्थापना र संचालन । स्थानीय स्तरमा १३ जना शिक्षक कर्मचारीले समेत रोजगारी पाएका छन् । यसै गरी शिसु स्याहार केन्द्रमा बालबालिका पठाएर बालबालिका आमाहरु तरकारी खेती, ज्याला मजदुरी, किराना पसल र घरायसी काम गरिरहेका छन । बाल प्रायोजित बालबालिकाहरु करिब ११ सयको हाराहारीमा सेवा पाएका छन् ।

**नीतिगत परिवर्तन:**

पुनर्स्थापना भए भनिएका र छुट भएका मुक्त कमैया र उनीहरुका परिवारको हैसियत विग्रिएको वन क्षेत्र, राजमार्ग किना, नदि किनार, वन र निकुञ्ज किनारको क्षेत्र, पुनर्वास क्षेत्रको निनार, कपास विकास समितिको जनिन लगाएतका क्षेत्रमा बसोबासी ठेगाना बनेको छ । जसरी पुनर्स्थापना ऐन, कार्यविधि र निर्देशनमा नीतिगत व्यवस्था अनुसारको पुनर्स्थापना नभएको भन्ने मुक्त कमैया परिवार मात्रै हैन बर्दियाका सबै स्थानीय सरकारले स्वीकार गरेका छन् । त्यसको प्रमाण बर्दियाका बढैयाताल गाउँपालिका र गेरुवा गाउँपालिकाले कमैया महिला जागरण समाज नेपालको पहलमा मुक्त कमैया पुनर्स्थापना कार्यविधि कार्यपालिकाबाट पारित भएर राजपत्रमा समेत प्रकाशित भएको छ । यसैगरी शिक्षामा कमैया महिला जागरण समाज नेपालको पहलमै राजापुर नगरपालिका, गेरुवा गाउँपालिका लगायतका स्थानीय सरकारले मुक्त कमैया बालबालिकाका लागि निशुल्क शिक्षाको कार्यविधि पारित गरी कार्यान्वयन समेत भएको छ । अन्य पालिकाहरुमा सोही अनुसारको पुनर्स्थापना कार्यविधि पारितको चरण रहेको छ ।

**सिफारिस**

कमैया महिला, मुक्त कमैया कमलहरीको पुनर्स्थापनाका अबको बाटो सजिलो छ । कानुनी रुपमा पनि मुक्त कमैया, कमैया महिला र मुक्त कमलहरीको पहिचा, पुनर्स्थापना तथा सेवा र सुविधाका लागि कानुन पनि बनेका छन् । मुक्त कमैया बसोवास गरेका केही पालिकामा कानुन बनाउन पनि सहज भएको छ ।

- स्थानीय सरकारले पारित गरेका मुक्त कमैया पुनर्स्थापना कार्यविधिका कार्यान्वयन,
- मुक्त कमैयाका पुनर्स्थापनाका लागि कार्यविधि नबनाएका स्थानीय तहलाई कार्यविधि पारित गर्न लगाउने र कार्यान्वयन गर्ने,
- लुम्बिनी प्रदेश सरकारलाई पनि मुक्त कमैया कार्यविधिका पारित र कार्यान्वयन लागि आवश्यक कार्य गर्नुपर्ने,
- स्थानीय तहमा बार्षिक नीति तथा कार्यक्रम मुक्त कमैयाको समग्र विकास मार्फत मूलधारमा ल्याउनका लागि पहल गर्ने,
- राजनीतिक प्रतिनिधित्वको राम्रो उपलब्धी भएको छ । अझै सशक्त प्रतिनिधित्वको खाँचो छ । त्यसका लागि संगठित प्रयासका लागि ऐक्यवद्धता पहल गर्ने,
- सबै तहका जनप्रतिनिधि मुलक तहमा मुक्त कमैयाको प्रतिनिधित्वलाई निर्णायक बनाउनु पर्ने,
- आर्थिक शवलीकरण, सामाजिक रुपमा नेतृत्वकर्ता, क्षमताका आधारमा अधिकारको दावी गर्ने, सेवा र अवसरमा मुक्त कमैया परिवारको सशक्त प्राप्ती भएको बनाउनु पर्ने छ ।

## निष्कर्ष

यस अध्ययनबाट कमैया महिला(मुक्त कमैयाका श्रीमति)ले आफ्नो विगतमा कमैया श्रमसँग सम्बन्धित बधुवा मजदरी बुक्रहीको रुपमा काम गरेको दावी सरकारले समेत कमैया श्रम (निषेध गर्ने) सम्बन्धि ऐन २०५८)मा प्रष्टसँग उल्लेख गरेको छ । तर सरकारले पहिचान दिँदा परिवारको प्रमुखको रुपमा पुरुषलाई परिभाषित गर्दै उनीहरुलाई मात्रै पहिचान गरेका र पुनर्स्थापना पनि उनीहरुलाईनै केन्द्रमा राखेर गरेको तथ्य छ ।

कमैया महिलाले आफ्नै पहलमा कमैया महिला जागरण समाज नेपाल नामक संस्था विधिवत रुपमा दर्ता गरी सोही संस्थाका माध्यमबाट आय आर्जन, क्षमता विकास, विपद व्यवस्थापन र उनीहरुका बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्नु सबै भन्दा प्रसंसनीय कार्य हो । यसका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट समेत जोहो गर्नु अझै महत्वपूर्ण कार्य हो । यसका लागि कमैया महिला जागरण समाज नेपालले सचेतनाका लागि गरेको क्षमता विकासका कार्यबाट केही स्थानीय तहले मुक्त कमैया पुनर्स्थापना कार्यविधि पारित, निशुल्क शिक्षाका कार्यान्वयनका लागि कार्यविधि पारित गर्नु अझै महत्वपूर्ण कार्यहो । कमैया महिलाहरु आफ्नो आयको स्रोत बृद्धि गरी आत्मनिर्भर हुनु अझै उल्लेख्य उपलब्धि हो । यसैका माध्यमबाट जनप्रतिनिधिमूलक निकाय पहुँच स्थापित गर्नु, वडा र पालिकाको जनप्रतिनिधिमा निर्वाचित हुनु ठूलो उलब्धि हो ।

अन्तमा कमैया महिलाले गरेको प्रयास, पहल र उलब्धि, समाजिक, राजनीतिक, आर्थिक पक्षमा उल्लेख्य कार्य हो । यो संगठन निर्माण गरी जसको सवाल उसैको नेतृत्व कथनको उदारणीय कार्य हो ।

## सन्दर्भ सामग्रीहरू


B. C., D. B. (2025). बर्दियाका स्थानीय सरकारले मुक्त कमैयाका लागि नीतिगत व्यवस्था र बजेट विनियोजनको अवस्था। *Academia Research Journal*, *4*(2), 238–249. https://doi.org/10.3126/academia.v4i2.82979

B. C., D. B. (2025). मुक्त कमैया पुनर्स्थापनामा तहगत सरकारका आ-आफ्नै नीति, पुनर्स्थापनामा अन्यौलता. *Voice: A Biannual & Bilingual Journal*, *17*(1), 177–192. https://doi.org/10.3126/voice.v17i1.84789

B. C., D. B. (2023). Impact of radio program Civic Voice on rehabilitation of free bonded labourers in Bardia district. *Academia Research Journal*, *2*(2), 188–200. https://doi.org/10.3126/academia.v2i2.57004

Government of Nepal. (2015). *Constitution of Nepal* (as amended up to 2020). Nepal Law Commission. https://lawcommission.gov.np/content/13437/nepal-s-constitution

*कमैया श्रम (निषेध गर्ने )सम्वन्धि नियमावली -२०६७,* । काठमाण्डौं । नेपाल सरकार

*कमैया श्रम (निषेध गर्ने) सम्बन्धि ऐन २०५८)। काठमाण्डौं । नेपाल सरकार*

*मुक्त कमैया समस्या समाधान आयोग गठन आदेश-*२०६५, । काठमाण्डौं । नेपाल सरकार

*मुक्त कमैया, कम्लहरी, हलिया, हरुवा चरुवाको अध्ययन प्रतिवेन-*२०७८, । नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय

*पहल,* कमैया महिला जागरण समाज नेपाल, । गुलरिया बर्दिया ।

*भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय बार्षिक प्रतिवेदन(२०७३/२०७४)* । काठमाडौं । नेपाल सरकार

थारु, विरुनी, २०८२ ।

थारु, कृष्णी, २०८२ ।

श्रेष्ठ, दिनेशप्रसाद, २०८२ ।

थारु,चिजमान २०८२